

के तपाईंको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड

साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २६४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज १८ गते बिहीबार ❑ 5 Oct. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पुन निर्माणमा सबै प्रयास केन्द्रीत हुनेछ–मुख्यमन्त्री

**पोखरापत्र संवाददाता**

पोखरा, १७ असोज

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले मुस्ताङको कागवेनी क्षेत्रको पुन निर्माणकालागि गण्डकी प्रदेश सरकारले सबै प्रयास केन्द्रीत गर्ने बताएका छन् ।

'प्रदेश सरकारको स्रोत साधनले भ्याएसम्म सघाउने र दातृ निकायसँग पनि प्रदेश सरकारले सहकार्य गरेर कागवेनी पुन निर्माण गर्नेछ' उनले भने । बाढीले कागवेनी क्षेत्रमा ठुलो क्षती पुगेकाले संघिय सरकार र स्थानीय सरकारको सहकार्यमा सबैको सामुयिक प्रयास केन्द्रित गर्दा पुननिर्माण सहज र छिटो हुने उनले बताए । 'यसकालागि प्रदेश सरकारले संघ सरकारसँग समन्वय गरिरहेकोछ' उनले भने ।

'प्राकृतिक विपत्तीसँग हामीले जुध्न सक्दैनौं तर यसबाट शिक्षा लिएर अबको पुन निर्माणमा ध्यान दिनुपर्छ' क्षतीग्रस्त मुस्ताङको कागवेनी क्षेत्रको निरीक्षण गदै ' उनले भने । कागवेनी क्षेत्रमा बाढीले भत्काएका सामाजिक



तथा ब्यक्तिगत संरचनाहरु, गुम्बा, धर्मशाला लगायतको मुख्यमन्त्री पाण्डले स्थलगत निरीक्षण गरेका थिए। बिगतका वर्षभन्दा यस वर्ष गण्डकी प्रदेश सरकारले मनाङ, मुस्ताङ लगायत उच्च हिमाली जिल्लामा योजना र बजेटलाई वृद्धी गरेको बताउँदै मुख्यमन्त्री पाण्डेले आवश्यकता धेरै, प्रदेशको स्रोत साधन थोरै हुँदा सबै अपेक्षा एकै पटक पुरा गर्न नसकिएको बताए । 'प्राथमिकताका आधारमा तपाईहरुले छुट्याएका योजना क्रमस प्रदेश सरकारले पुरा गर्दै जानेछ' उनले भने । पुन निर्माणकालागि प्रदेश सरकारबाट सहयोगको अपेक्षा रहेको बताउँदै स्थलगत निरीक्षणमा मुख्यमन्त्री सहभागी भएको भन्दै बिस्थापित, प्रभावित, जनप्रतिनिधि लगायत स्थानीयले धन्यवाद दिएका थिए । साउन २८ गते बाढी आएलगत्तै हेलिकप्टरमा स्थलगत निरीक्षण गर्न आउने तयारी रद्ध गरी मुख्यमन्त्री पाण्डेले हेलिकप्टर भाडामा तिर्ने पैसा कागवेनीको उद्धार र राहतमा पठाएको तत्कालिन समयमा सदनमा समेत जानकारी गराएका थिए । बाढीलगत्तै कागवेनीको उद्धार र राहतकालागि गण्डकी प्रदेश सरकारले अवरुद्ध सडक खुलाएर इन्धन ढुवानी, टेन्ट, कम्बल लगायतका सामग्री उपलब्ध गराएको थियो । क्षतीको पूर्ण विवरण जिल्लाबाट प्रदेश आएपछि थप आर्थिक सहयोगपनि पठाईने मुख्यमन्त्री पाण्डेले बताए । बाढीग्रस्त क्षेत्रमा उद्धार, राहत, खानेपानीको व्यवस्थापनमा प्रदेश सरकारले तत्काल सहयोग गरेको थियो । बस्तीको दायाँबायाँ तटबन्धन गरिदिन स्थानीयले माग गरेका छन् । प्रदेश सरकारले तटबन्धनकालागिपनि सहयोग गर्ने जनाएको छ । निरीक्षणमा मुख्यमन्त्री पाण्डे, मुस्ताङका प्रतिनिधि सभा सदस्य योगेश गौचन, प्रदेश सभा सदस्यहरु बिकल शेरचन, नाम्डु गुरुङ, बिमला गौचना, प्रदेश नीति योजना आयोगका उपाध्यक्ष डा.कृष्णचन्द्र देवकाटा, गण्डकी प्रदेशस्थित सुरक्षा निकायका प्रमुखहरु, जिल्ला सुरक्षा समिति, स्थानीय तहका जनप्रतिनिधि लगायतको उपस्थिती थियो ।

## मुख्यमन्त्रीको उपस्थितिमा कोरला नाकामा सुरक्षा बैठक

**पोखरापत्र संवाददाता**

म्याग्दी, १७ असोज

चीनको स्वशासित क्षेत्र मुस्ताङको सिमानामा रहेको कोरला नाकामा आज गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको उपस्थितमा जिल्ला सुरक्षा समन्वय समितिको बैठक बसेको छ ।

प्रदेशस्तरीय सुरक्षाअन्तर्गत नेपाली सेना, सशस्त्र प्रहरी, प्रहरी र राष्ट्रिय अनुसन्धानका प्रमुखको उपस्थितमा प्रदेश तथा जिल्लास्तरीय सुरक्षा समन्वयको दुई चरणमा अलगअलग बैठक बसेको हो । समन्वय बैठकमा एक चीन नीतिप्रति प्रतिबद्ध भई सीमा सुरक्षा तथा सीमानाकामा अवाञ्छित गतिविधि हुन नदिन विशेष सुरक्षा सजगता अपनाउने विषयमा छलफल भएको मुख्यमन्त्रीका प्रेस संयोजक नरहरि सापकोटाले जानकारी दिनुभयो । प्रेस संयोजक सापकोटाका अनुसार प्रधानमन्त्रीको चीन भ्रमणसँगै १४ वटा उत्तरी नाका पुनःसञ्चालन गर्ने मार्ग खुलिसकेकाले त्यसलाई कसरी प्रभावकारी बनाउने भन्ने विषयमा समेत बृहत् छलफल भएको छ । बैठकमा प्रतिनिधिसभा सदस्य योगेश गौचन थकाली, प्रदेश सांसद विकल शेरचन र प्रदेश सांसद नम्डु गुरुङ पनि उपस्थित हुनुभएको थियो । यसका अलवा मुख्यमन्त्रीको टोलीमा प्रदेश तथा जिल्ला सुरक्षा निकाय र प्रदेश तथा जिल्लास्थित सरोकारवाला कार्यालयका कर्मचारीहरूको उपस्थिति थियो । कागबेनीको बाढी प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गरी उपल्लो मुस्ताङ प्रस्थान गरेको मुख्यमन्त्री पाण्डेसहितको टोलीले आज कोरला नाकाको स्थलगत निरीक्षण गरेको छ । पाण्डेले कोरला नाकाको भ्रमण सकेपछि सीमावर्ती क्षेत्रका आधा दर्जन गाउँमा पुगेर स्थानीयको समस्या र प्रदेश सरकारबाट सञ्चालित विकास निर्माणका योजनाका विषयमा गुनासो सुन्नुभएको छ। प्रदेशका कार्यक्रम र जनसरोकारका विषयमा जानकारी लिन मुख्यमन्त्रीसहित प्रमुख लक्ष्मी बस्नेत, नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटा लगायतको टोली उपल्लो मुस्ताङ पुग्नुभएको छ ।

## अहिलेको व्यवस्थाको जग 'जनयुद्ध' नै हो : सञ्चारमन्त्री शर्मा

**रासस**

काठमाडौं, १७ असोज

सरकारले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको जग नै 'जनयुद्ध' भएको प्रष्ट पारेको छ ।

मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न बुधबार आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले जनताको अपार समर्थनमा चलेको जनयुद्धका सम्बन्धमा हल्का टिप्पणी गर्न नहुने बताउनुभयो ।

"आज हामी जुन व्यवस्थामा छौं, त्यो व्यवस्थाको जग जनयुद्ध नै हो", उहाँले भन्नुभयो, "यदि जनयुद्धको जगमा जनआन्दोलन सम्पन्न हुँदैनथ्यो भने हामी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा हुदै नथ्यौं ।" प्रवक्ता शर्माले जनयुद्धका विषयमा प्रमुख प्रतिपक्षी नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले व्यक्त गरेका विचारसँग सरकारको सहमति नरहेको बताउनुभयो । प्रतिनिधिसभाको मङ्गलबारको बैठकमा अध्यक्ष ओलीले जनयुद्ध दिवसमा सार्वजनिक बिदा दिइएको विषयलाई लिएर सरकारको आलोचना गर्नुभएको थियो ।

जनताको बलिदानलाई सम्मान गरेर नै सरकारले जनयुद्ध दिवस मनाउने निर्णय गरेको प्रवक्ता शर्माको भनाइ छ । "जनयुद्ध दिवस मनाउने र सार्वजनिक बिदा दिने विषय मन्त्रिपरिषद्ले निर्णय गरिसकेको हुनाले यस सन्दर्भमा अनावश्यक द्वेष फैलाउने कार्य 'खोला तर्ने, लौरो बिर्सने' जस्तै हो", उहाँले भन्नुभयो, "एमालेसमेतको सरकारले उक्त निर्णय गरेको हो, जनयुद्ध कुनै खास पार्टी र व्यक्तिको विषय रहेन ।"

सामाजिक सञ्जालमा हुने दुरुपयोगबाट पैदा भएको समस्याका सम्बन्धमा सरकार गम्भीर रहेको उल्लेख गर्दै उहाँले सरकार सामाजिक सञ्जालको दुरुपयोगलाई रोक्ने कानुन निर्माणको प्रक्रियामा रहेको बताउनुभयो।"सरकारलेकानुनलाई टेकेर मात्रै काम गर्नुपर्ने हुन्छ, हामी तदारुकताका साथ कानुन निर्माण गर्ने प्रक्रियामा छौं", उहाँले भन्नुभयो, "यससम्बन्धी निर्देशिका कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा छ, आउने मन्त्रिपरिषद् बैठकबाट त्यो पारित हुन्छ ।"

## एमसिसीले आर्थिक विकासको ढोका खोल्ने प्रधानमन्त्रीको विश्वास

**रासस**

काठमाडौं, १६ असोज

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले संयुक्त राज्य अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेञ्ज कर्पोरसन (एमसिसी) ले नेपाल र अमेरिकाबीच आर्थिक साझेदारीको नयाँ ढोका खुलेको बताउनुभएको छ ।

एमसिसी नेपाल कम्प्याक्ट कार्यान्वयन चरणमा प्रवेश गरेको अवसरमा बुधबार काठमाडौँ आयोजित विशेष समारोहमाप्रधानमन्त्रीलेपरियोजना कार्यान्वयनबाट नेपालको व्यापार सञ्जाललाई एशियाका विशाल अर्थतन्त्र भएका मुलुकसँग जोड्ने र देशको आर्थिक वृद्धि तथा गरिबी घटाउन महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । प्रधानमन्त्री दाहालले भन्नुभयो, "नेपालको सामाजिक-आर्थिक विकासमा निरन्तर सहयोग गरेकामा अमेरिकी सरकारप्रति धन्यवाद व्यक्त गर्दछु ।"

एमसिसी परियोजना पूरा भएपछि नेपालको समग्र अर्थतन्त्र सुदृढ बन्ने बताउँदै प्रधानमन्त्री दाहालले नेपालको विकासमा अमेरिकाको सहयोग महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो। उहाँले यस परियोजनाले नेपालमा भरपर्दो विद्युत् सेवा र सडक सञ्जालको निर्माण हुने विश्वास व्यक्त गर्दै विद्युत् प्रसारण लाइन बनेपछि बिजुली निर्यात सहज हुने र त्यसले देशको आर्थिक उन्नयनमा योगदान गर्ने बताउनुभयो । अर्थमन्त्री डा. प्रकाशशरण महतले नेपालको विकासमा सघाउने एमसिसी कार्यान्वयनबाट उन्नत सडक एवं भरपर्दो विद्युत् आपूर्ति भई नेपाली जनता लाभान्वित हुने बताउनुभयो । उहाँले परियोजनामा नेपाल सरकारको समेत लगानी रहेकाले परियोजना कार्यान्वयनमा अवरोध गर्ननहुनेमा जोड दिँदै सरकारका तर्फबाट परियोजना सम्पन्न गर्न हरसंवभ सहयोग हुने प्रतिबद्धता व्यक्त गर्नुभयो । एमसिसीका प्रमुख कार्यकारी अधिकृत एलिस पी अल्ब्राइटले नेपालको आर्थिक विकासको मेरुदण्डका रूपमा एमसिसी परियोजनाले योगदान गर्ने विश्वास व्यक्त गदै ' नेपाल सरकारसँगको सहकार्यमा परियोजना विकास गरिएको स्पष्ट गर्नुभयो । परियोजनाका कार्यक्रम र लक्ष्यमा दुवै पक्षको समान स्वामित्व रहेको उहाँले स्पष्ट गर्नुभयो । परियोजनाको सफल कार्यान्वयनका निम्ति आफू प्रतिबद्ध साझेदारका रूपमा उभिएको उल्लेख गर्दै उहाँले नेपाल सरकारको नेतृत्व र यस कार्यक्रमको कार्यान्वयनका लागि जिम्मेवार निकाय एमसिए-नेपालप्रति आफू पूर्ण विश्वस्त रहेको बताउनुभयो ।

नेपालका लागि अमेरिकी राजदूत डीन आर थम्सनले एमसिसी नेपाल कम्प्याक्ट नेपाली जनताको आर्थिक विकासमा सहयोग गर्ने महत्वपूर्ण अमेरिकी प्रयास भएको उल्लेख गर्दै नेपाल र अमेरिकाको ७६ वर्ष पुरानो सम्बन्धमा यो एउटा महत्वपूर्ण कोशेढुङ्गा भएको बताउनुभयो । आफ्नो तीनदिने नेपाल भ्रमणका क्रममा एमसीसीका प्रमुख कार्यकारी अधिकृत अल्ब्राइटले कम्प्याक्ट कार्यान्वयनसँग सम्बद्ध नेपाल सरकारका उच्च राजनीतिक अधिकारी एवं विभिन्न सरोकारवालासँग भेट्नुका साथै जलवायु संरक्षणको महत्वमाथि जोड दिन वृक्षरोपण कार्यक्रममा समेत सहभागी हुनुभएको थियो । उहाँले नागरिक समाजका विभिन्न सदस्यहरू तथा युवा उद्यमीहरूसँग अन्तरक्रिया गर्नुका साथै जलविद्युत् उत्पादनमा संलग्न उद्यमीहरूसँग अनुभव आदानप्रदान गर्दै नेपालको आर्थिक विकासमा कम्प्याक्टले गर्ने योगदानमाथि प्रकाश पार्नुभएको थियो । नेपाल सरकार तथा एमसिसीबीच नेपालमा विद्युत् आपूर्तिको विश्वसनियतामा वृद्धि गर्ने विद्युत् प्रसारण आयोजना र यातायातको लागत घटाउने सडक मर्मत आयोजनाका लागि आर्थिक सहयोगसम्बन्धी सम्झौता एमसीसी नेपाल कम्प्याक्टमा २०७४ साल भदौ २९ गते हस्ताक्षर भएको थियो ।

अमेरिकी अनुदान कार्यक्रममार्फत नेपाल सरकार र एमसीसीले नेपाली जनताका लागि सडक सुधार गर्ने र स्वच्छ तथा सुपथ विद्युत् मा भरपर्दो पहुँच बढाउने गरी तर्जुमा गरिएका परियोजनामार्फत मुलुकको ऊर्जा र यातायात क्षेत्रलाई सुदृढ तुल्याउने अपेक्षा गरिएको छ । लामो बहसपछि संसद्ले गत वर्ष मात्र यस सम्झौतालाई व्याख्यात्मक घोषणासहित अनुमोदन गरेको थियो । एमसिसी नेपाल कम्याक्टअन्तर्गत बन्ने विद्युत् प्रसारण लाइन र सडक आयोजनाको काम शुरु भएको मितिले पाँच वर्षभित्रमा सम्पन्न गरिसक्नु पर्नेछ । अर्थमन्त्री डा महत र एमसीसीका कम्प्याक्ट कार्य सञ्चालनसम्बन्धी उपाध्यक्ष क्यामरोन अल्फोर्डले गत भदौ १३ गते पाँच वर्षे परियोजना कार्यान्वयन चरणमा प्रवेश गरेको घोषणा गदै ' त्यससम्बन्धी सहमतिपत्र आदानप्रदान गर्नुभएको थियो ।

## आपसी सद्भाव कायम गर्न अध्यक्ष ओलीको आग्रह


**रासस**

काठमाडौं, १६ असोज

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आपसी सद्भाव कायम राख्न आग्रह गर्नुभएको छ ।

सामाजिक सञ्जालमार्फत उहाँले पछिल्लो समय धार्मिक विवादमा नेपालगञ्जलगायत विभिन्न भागमा फैलिएको अशान्तिले सद्भाव र सहिष्णुतामा खलल पुगेको भन्दै एक आपसमा सद्भाव र धार्मिक आस्थाको सम्मान गर्न आग्रह गर्नुभएको हो । साथै अध्यक्ष ओलीले मुलुकको राष्ट्रियता एकता अक्षुण्ण आग्रह गर्नुभएको छ । उहाँले सामाजिक सञ्जालमा लेख्नुभएको छ, "हाम्रो समाजको मुख्य विशेषताबीचको एकता र आपसी सहिष्णुता हो। एउटाको आस्थामाथि अर्काले सम्मान गर्नु हाम्रो साझा राष्ट्रिय धर्म हो । सबै धर्म र आस्था नेपाल भूमिमा सधैं संरक्षित हुँदै आएका छन् ।"


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# सातौं संस्करणको अन्तर्राष्ट्रिय हेमजा गोल्डकप कार्तिक ११ गतेदेखि हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असोज

पोखराको हेमजामा यस बर्ष सातौं संस्करणको अन्तर्राष्ट्रिय हेमजा गोल्डकप आमन्त्रित नकाउट फूटबल प्रतियोगिता २०८० आउँदो कार्तिक ११ गते देखि हुने भएको छ।

पोखरा २५ स्थित हेमजा युनाइटेडको आयोजनामा आउँदो कार्तिक ११ देखि १८ गतेसम्म हेमजाको गौरीशंकर खेल मैदानमा उक्त प्रतियोगिता हुने भएको संस्थाका अध्यक्ष राजेश त्रिपाठीले बताउनु भयो।

प्रतियोगितामा एक विदेशी सहित नेपालका ए डिभिजका ८ टिमको सहभागिता हुने तयारी अनुमान गरिएको अध्यक्ष त्रिपाठीले बताउनु भयो । कम्तिमा एक विभागिय टोली समेत सहभागि हुने गरी आन्तरिक तयारी गरेको उहाँको भनाई छ। प्रतियोगितामा विजेताले ६ लाख ५५ रुपैया र उपविजेताले ३ लाख ५५ रुपैया साथमा शिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार प्रदान गरिने भएको प्रतियोगिताका आर्थिक संयोजक महादेव अधिकारीले बताउनु भयो । प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडीलाई ५० हजार, संर्वाधिक गोलकर्तालाई २५ हजार, अनुशासित टोलीलाई २५ हजार प्रदान गरिने भएको छ। प्रतिोगितामा उत्कृष्ट स्टाइकर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट डिफेण्डर, उत्कृष्ट गोलरक्षक र उत्कृष्ट प्रशिक्षक गरी ५ विधाका खेलाडीहरुलाई जनही ५/५ हजार पुरस्कार प्रदान गरिने भएको छ । हरेक खेलको म्यान अफ दी म्यानलाई ५ हजार नगद सहित पुरस्कार प्रदान गरिने भएको छ।

उक्त गोल्डकप हेमजाको गौरव भएकोले यसमा सबै क्षेत्रको सहयोग आवश्यक भएको अध्यक्ष त्रिपाठीले बताउनु भयो । ७ दिन चल्ने प्रतियोगिता सम्पन्न गर्न करिब ५८ लाख ८४ हजार खर्च लाग्ने भएको छ भने प्रतियोगिताबाट ७० लाख आम्दानी गर्ने लक्ष्य राखिएको आर्थिक संयोजक अधिकारीले बताउनु भयो । युवा एकता र विकासका लागि खेलकुद भन्ने नाराका साथ आयोजना गर्न लागिएको प्रतियोगिताबाट बचत रकम ४० प्रतिशत रकम हेमना यूनाइटेड एकेडेमी सञ्चालानार्थ खर्च गरिने भएको छ भने बाँकी रकम प्यारापिट निर्माणमा लगायतका सामाजिक कार्यमा खर्च गरिने भएको सचिव सूनिल गायकले बताउनु भयो । संस्थाको अगुवाईमा उक्त गोल्ड कप सम्पन्न गर्न चरणवद्ध रुपमा स्थानिय क्लव, आमा समुह लगायतसंग छलफल भई रहेको संस्थाले जनाएको छ।




पर्यटक : पोखरा-१७ स्थित अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा जलवायु परिवर्तनसम्बन्धी लेखिएका कुराहरुको अध्ययन गर्दै विदेशी पर्यटक। तस्बिरः ऋषिराम बराल/रासस

# स्याङ्जामा प्रदेशकै बीउ प्रशोधन र भण्डारण

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १७ असोज

स्याङ्जाको वालिङस्थित त्रियासीमा प्रदेशकै बीउ प्रशोधन तथा भण्डारण केन्द्र निर्माण गरिएको छ।

गण्डकीका ११ वटै जिल्ला लक्षित बीउ बिजन प्रशोधन तथा भण्डारण केन्द्र निर्माण गरिएको हो। पछिल्लो २ आर्थिक वर्षको अवधिमा प्रशोधन तथा भण्डारण केन्द्र निर्माण भएको छ।

२०४२ सालदेखि संचालित रेशम खेती विकास कार्यक्रमलाई विस्थापन गर्दै बीउ बिजन प्रशोधन तथा भण्डारण केन्द्र निर्माण गरिएको कृषि श्रोत केन्द्र वालिङ्ले जनाएको छ। केन्द्र निर्माण भएपछि उन्नत जातको बीउ बिजन तयारीमा कृषकहरु आकर्षित भएका छन्। गत आर्थिक वर्ष २०७९/८० मा करिब ४० लाखको लागतमा भण्डारण कक्ष र अघिल्लो आर्थिक वर्ष २०७८/०७९ मा झण्डै ३० लाखको लागतमा बीउ प्रशोधन केन्द्र निर्माण गएिको छ । प्रशोधन केन्द्रमा झण्डै ५२ लाखको लागतमा बीउ प्रशोधनका गर्न अत्याधुनिक मेशिन जडान गरिएको छ । स्थानीय स्तरमा बीउ तयार गर्दा उत्पादन र उत्पादकत्वमा बृद्धि नहुने भएपछि प्रदेश सरकारको अनुदानमा केन्द्र निर्माण गरिएको श्रोत केन्द्रका बाली विकास अधिकृत सुदिप रेगमीले बताए । केन्द्रमा हाल धान, गहुँ, मकै, दलहन, तरकारी तथा फलफूलका बीउ बिजन तथा बाली प्रशोधन गर्दै आएको अधिकृत रेग्मीले बताए।



"केन्द्रमा बीउ बिजन प्रशोधन गर्न आउने कृषकको संख्यामा पनि ह्वात्तै बृद्धि भएको छ ।" अधिकृत रेग्मीले भने, "शुरुशुरुमा एक/दुई वटा कृषक समूह आउने गरेकोमा पछिल्लो समय १२/१५ वटा कृषक समूह बीउ बिजन प्रशोधन गर्न आउने गरेका छन्।" धान रोपाइँ गर्ने पछिल्लो सिजनमा प्रदेशका अधिक कृषकको करिब ७० टन धानको बीउ प्रशोधन गरिएको रेग्मीले सुनाए । अत्याधुनिक मेशिन मार्फत बीउ बर्गिकरणकै सयममा गुणस्तर कायम राख्न आवश्यक पर्ने भिटामिन र बिषादीको एकमुष्ठ प्रयोग गरिन्छ। बीउको दिगोपन कायम गर्न, कृषकलाई लागतका हिसाबले उत्पादन बढाउन प्रशोधन तथा भण्डारण केन्द्र सहयोगी बन्नेमा कृषि विकास श्रोत विश्वस्त छ।

गण्डकी प्रदेशमा उत्पादन हुने हरेक जातका बीउलाई न्यूनतम शुल्कमा प्रशोधन गर्न सकिने व्यवस्था केन्द्रले मिलाईएको छ । प्रशोधन मेशिन अत्याधुनिक भएकाले उपयुक्त जनशक्ति व्यवस्थापन गरेसँगै बीउ प्रशोधन गरिएको कृषि श्रोत केन्द्रले जनाएको छ। उता कार्यालयको स्वामित्वमा रहेको ४१ रोपनी जग्गालाई तरकारीको बीउ उत्पादन श्रोत केन्द्रका रुपमा विकास गर्न लागिएको छ। रेशम खेतीमा रेशम किरालाई आवश्यक पर्ने (किम्बु) कच्चा पदार्थलाई बिस्थापित गर्दै ४१ रोपनी जग्गामा चालु आर्थिक वर्षमा विनियोजित ११ लाखको लागतमा तरकारी बीउ उत्पादन श्रोत केन्द्र बनाउने तयारी थालिएको छ। उच्च तथा मध्यम पहाडी र तराई भू-भागको प्रदेश भएकाले भूबनोट र मौसमलाई ध्यानमा राखेर तरकारीको बीउ उत्पादन गर्ने कार्यालयले जनाएको छ। प्रदेशका ११ वटै जिल्लाको मौसमलाई अनुकूलन हुने गरी बीउ उत्पादन गर्न तयारी गरिएको श्रोत केन्द्रले जनाएको छ । गण्डकी प्रदेशका ३ जिल्लामा संचालित झण्डै ३८ वर्ष पुरानो रेशम खेती विकास कार्यक्रमलाई सरकारले बिस्थापन गरेको छ। रेशम खेती बिस्थापन गरेसँगै स्याङ्जाको त्रियासीलाई बीउ प्रशोधन केन्द्र, तनहुँको बन्दीपुरलाई च्याउ खेती तथा मौरीपालन र कास्कीको मालेपाटनलाई फलफूल तथा तरकारी बिरुवा श्रोत केन्द्रका रुपमा रुपान्तरण गरेको छ।

# विज्ञानका उत्कृष्ट विद्यार्थीलाई चिनियाँ अनुदान

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असोज

काठमाडौँ सेन्टर फर रिर्सच एन्ड एजुकेसन (केसिआरई) ले चाइनिज एकेडमी अफ साइन्सेसको सहयोगमा त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान र जल तथा मौसम विज्ञान केन्द्रीय विभाग तथा सम्बन्धित क्याम्पसमा अध्ययनरत स्नातकोत्तर तहका १३ उत्कृष्ट विद्यार्थीलाई शैक्षिक अनुदान पुरस्कार दिएको छ।

वार्षिक रूपमा उपलब्ध हुने उक्त शैक्षिक अनुदानको राशि जनही रु ८० हजार रहेको छ । त्रिभुवन विश्वविद्यालय र चाइनिज एकेडमी अफ साइन्सेसबीच सन् २०१४ मा सहमति भई उक्त राशिको अनुदान केन्द्रीय विभागलगायत क्याम्पसमा अध्ययन गर्ने त्रिविका विद्यार्थीले प्राप्त गरिरहेका छन् । हालसम्म एक सय ३० विद्यार्थीले सो अनुदान पुरस्कार प्राप्त गरिसकेका छन्। कीर्तिपुरमा आज आयोजित कार्यक्रममा विश्वविद्यालयका शिक्षाध्यक्ष प्राडा शिवलाल भुसालले उत्कृष्ट शोधार्थी विद्यार्थीलाई सो अनुदान प्रदान गर्दै विज्ञानका उत्कृष्ट वैज्ञानिक विद्यार्थीले विश्वविद्यालयको गरिमा बढाउने र भविष्यमा थप उत्कृष्ट कार्य गर्ने अपेक्षा व्यक्त गर्नुभयो। विज्ञान तथा प्रविधि अध्ययन संस्थानका डिन प्राडा विनिल अर्यालले चाइनिज एकेडमी अफ साइन्सेस विश्वकै उत्कृष्ट वैज्ञानिक निर्माण गर्ने संस्था रहेको र नेपालमा विज्ञान शिक्षाको विकास तथा गुणस्तरका लागि सहयोग गर्दै आइरहेको बताउनुभयो।

# मनाङको स्याउ मनाङमै खपत

**नवीन लामिछाने**
मनाङ, १७ असोज

हिमाली जिल्ला मनाङको अब मनाङमै खपत हुने भएको छ। यहाँ उत्पादित स्याउ अन्तर ष्ट्रिय बजारसम्म पुग्ने भए यसको परिकारमा फेर्दै विश्व बजारमा निर्यात गर्ने उद्देश्यले स्याउको वाइन उत्पादनको सुरुआत गरेको छ।

मनाङ बेभरेज प्रालिले मनाङ डिस्याङ गाउँपालिका-४ हुम्देमा वाइन कारखाना सञ्चालनमा ल्याई कम्पनीले स्याउको उत्पादनलाई परिस्कृत गर्ने उद्देश्यले वाइन कारखाना सञ्चालनमा ल्याएको हो । यो कारखाना सञ्चालनमा आएसँगै अब मनाङको स्याउ मनाङमै खपत हुने भएको छ । अब यहाँको स्याउको मुख्य बजार पनि मनाङ हुने देखिएको छ।


बेभरेजले सञ्चालनमा ल्याएको यो कारखानाले वार्षिक दुई लाख लिटर वाइन उत्पादन गर्ने क्षमता रहेको छ । यसबाट उत्पादित वाइन पनि कम्पनीले सार्वजनिक गरिसकेको छ । कम्पनीले मनाङको तीन हजार पाँच सय मिटर उचाइमा रहेको साब्जे लेकमा कार्यक्रम गरी 'मनाङ भ्याली वाइन' सार्वजनिक गरेको थियो । उत्पादित वाइनको मूल्य रु एक हजार २५ निर्धारण गरिएको छ। "हामीले तीन वर्षको कडा मिहिनेत र अध्ययन तथा अनुसन्धानपछि वाइन कारखाना सञ्चालनमा ल्याएका छौँ, यसमा अन्तर ष्ट्रियस्तरका मापदण्ड पूर्णरूपमा पालना गरेका छौ", मनाङ बेभरेजका प्रबन्ध निर्देशक आश्रय रञ्जितकारले भन्नुभयो, "यसले मनाङमा स्याउ उत्पादनलाई थप टेवा पुग्नेछ भने बजार अभाव समस्या पनि अन्त्य गर्नेछ।" उहाँका अनुसार हाल मनाङमा करिब आठ सयदेखि एक हजार टन स्याउ उत्पादन हुने गरेको छ । यहाँ उत्पादित स्याउ कारखानाका लागि पर्याप्त हुनेछ । प्रबन्ध निर्देशक रञ्जितकारका अनुसार अबको पाँच वा छ वर्षसम्म यस पर्याप्त हुने भए पनि त्यसपछि भने मुस्ताङ, हुम्लालगायत जिल्लामा क्षेत्र विस्तार गर्नुपर्ने अवस्था आउन सक्ने अनुमान गरिएको छ।

कम्पनीले वाइन कारखाना सञ्चालनका लागि मात्रै करिब रु १० करोड लगानी गरेको छ । हाल कारखानामा प्रत्यक्ष रूपमा करिब ३५ देखि ४० जनाले रोजगारी पाएका छन् भने अप्रत्यक्ष रोजगारी पाउनेको स¤्या करिब पाँच सय रहेका छन् । "पूर्वाधार र बाटोको असहज अवस्थाका कारण कारखानाका लागि आवश्यक सामग्री पुर्‍याउन निकै कठिन भएको थियो", उहाँले भन्नुभयो । अब वाइन उत्पादन गरेर बजार पुर्‍याउने चुनौती पनि रहेको उहाँले स्पष्ट पार्नुभयो । प्राकृतिक रूपमा चर्चासँगै मनाङको स्याउ खेतीको चर्चा उत्तिकै छ । जतिबेला एग्रो मनाङ प्रालिले सात सय ३५ रोपनी क्षेत्रफल जग्गामा एकै पटक स्याउ खेतीको व्यावसायिक खेती थाल्यो। मनाङ एग्रोले करिब छ वर्षअघि इटाली र सर्भियाबाट स्याउका बिरुवा ल्याएर खेती गर्न सुरु गरेको हो। हाल स्याउ खेतीले पर्यटकको आकर्षणको केन्द्र पनि बन्दै गएको छ।

यस स्याउ फार्ममा गाला, फुजी र गोल्डेन डिलिसेस गरी तीन प्रजातिका करिब ६० हजार बिरुवा लगाइएको छ। करिब रु २० अर्ब लगानीमा सुरुआत भएको यस फार्मबाट उत्पादित स्याउ एग्रो मनाङले हिमालयन फ्रेस ब्रान्ड नाममा बजारसम्म पुर्‍याउँदै आएको छ । यस फार्ममा हाल २८ जनाले रोजगारी पाएका छन् भने सिजनमा ३५ देखि ४० भन्दा बढीले काम गर्ने गरेका छन् । एग्रो मनाङ प्रालिका प्रबन्ध निर्देशक युवराज गुरुङका अनुसार गत वर्ष यस फार्मले चार सय ५० टन स्याउ उत्पादन गरेको थियो भने यस वर्ष छ सय ५० टन उत्पादन गर्ने लक्ष्य लिएको छ। वाइन कारखानाका लागि यस फार्मले प्रतिकिलो रु ५० मा स्याउ गरिरहेको छ । नेपाली स्याउले यहाँको बजारको करिब १० प्रतिशत मात्रै माग धान्न सक्ने भएकाले आफूले स्याउ खेती अगाडि बढाएको गुरुङ बताउनुहुन्छ।

"एग्रो मनाङको फार्म हाउस दक्षिण एसियाकै सबैन्दा ठूलो हो । यसका साथै मनाङको पिसाङमा पनि तीन सय ८० रोपनीमा गत वर्षबाट स्याउ खेती सुरु भएको छ", गुरुङले भन्नुभयो, "यसरी बजार सुनिश्चितता बढ्दै जाँदा स्याउको व्यावसायिक खेती गर्नेको संख्या पनि बढ्दै गएको छ।" उहाँले हाल एग्रो मनाङ फार्ममा प्रतिहेक्टर ४० टन स्याउ उत्पादन भएको जानकारी दिनुभयो । यस फार्मले करिब ६० हजार स्याउका बोटबाट उत्पादन लिइरहेको छ। मनाङ एग्रोको स्याउ फार्मसँगै मनाङ बेभरेजको वाइन कारखानामा खपत हुनेछ । यससँगै मनाङ एग्रोको कोल्ड स्टोर पनि छ।

जसमा स्याउलाई ग्रेडिङ गरी भण्डारण गर्ने, बिक्री गर्ने र बजारसम्म पठाउने कामका साथै कारखानालाई पनि त्यहीँबाट छुट्ट्याउने काम हुन्छ । मनाङ बेभरेजले जिल्लामा उत्पादित सबैको स्याउलाई वाइन बनाउन कारखानामा लिने जनाएको छ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कल्पनाले विश्वमाथि शासन गर्दछ । - नेपोलियन

## सम्पादकीय

# स्थायी सरकार पनि भ्रष्ट

नेपाल सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मधुकुमार मरासिनीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोमबार मुद्दा दायर गरेको छ। नेसनल पेमेन्ट गेटवे खरिदमा अनियमितता गरेको भन्दै सचिव मरासिनीसहित ९ जनाविरुद्ध अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेको छ। योसँगै पछिल्लो ६ महिनामा मुद्दा खेप्ने बहालवाला सचिवको संख्या तीन पुगेको छ। पाण्डेलाई अदालतले पुर्पक्षका लागि थुनामा पठाएको छ भने राउत अदालतको आदेशमा रिहा भएका थिए। अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाका तत्कालीन महाशाखा प्रमुख रहेका मरासिनीले 'नेसनल पेमेन्ट गेटवे' खरिदमा भएको भ्रष्टाचार प्रकरणमा संलग्न रहेको भन्दै अख्तियारले मुद्दा दायर गरेको छ। उनीसमेतको संलग्नतामा ६ वर्षअघि खरिद गरिएको नेसनल पेमेन्ट गेटवे अहिलेसम्म प्रयोगमा आउन नसकेको, आवश्यक पूर्वाधार नै तयार नगरी अस्वाभाविक लागत तयार गरी स्वीकृत गराएर २५ करोडमा खरिद गरी नेपाल सरकारको सम्पत्ति गैरकानुनी तबरले हानीनोक्सानी तथा सरकारी रकमको दुरुपयोग गरेको भन्दै सचिव मरासिनीसहित ९ जनाविरुद्ध मुद्दा दायर भएको छ। यो मुद्दामा अख्तियारले २३ करोड २७ लाख ५८ हजार ७७ रुपैयाँ बिगो माग दाबी गरेको छ।

अख्तियारले अर्थ मन्त्रालयका बजेट तथा कार्यक्रम महाशाखाका प्रमुखका हैसियतमा मरासिनीले कानुनविपरीत काम गरेको उल्लेख छ। 'मरासिनीले नीति तथा कार्यक्रममा समावेश नभएको तथा राष्ट्रिय सूचना प्रविधि केन्द्रले बजेट नै माग नगरेको नेशनल पेमेन्ट गेट-वे खरिद शीर्षकमा एलएमबीआईएस बजेट प्रविष्टिमा नियमित चरणमा पर्ने कुनै पनि कार्य नगरी/नगराई आरोप छ। सोसम्बन्धी तयारीको आवश्यक कागजातसमेत समावेश नगरी/नगराई आफू मातहत तथा माथिल्लो निकाय/अधिकारीलाई जानकारी नदिई २५ करोड रकम बजेट सिलिङभन्दा बाहिर गई विनियोजन गरी/गराई बजेट (रातो किताब) मा समावेश गराएको अख्तियारको जिकिर छ। कानुनी प्रावधान आवश्यक हुने, सरोकारवालाहरूसँग आवश्यक समन्वय समेत अनिवार्य तवरमा गर्नु पर्नेमा यी विषयको निर्क्यौल तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ बमोजिम गुरुयोजना तयार गर्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ बमोजिम खरिद योजना तयार गरी सार्वजनिक निकायको प्रमुखको स्वीकृत लिई गर्नुपर्ने लगायतका अनिवार्य तवरमा गर्नुपर्ने कार्यहरूसमेत नगरी/नगराई लागत अनुमान स्वीकृत भएको भनी झुठ्ठा विवरण राखी...' अख्तियारले भनेको छ।

मरासिनी यो वर्ष भ्रष्टाचार तथा अनियमिततामा मुद्दा खेप्ने नेपाल सरकारका तेस्रो बहालवाला सचिव हुन्। यो वर्षको सुरुआतमै नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउनमा संलग्न रहेको आरोपमा पक्राउ पर्ने पहिलो बहालवाला सचिव टेकनारायण पाण्डे थिए। उपराष्ट्रपति कार्यालयमा कार्यरत रहेकै बेला पाण्डेलाई गत वैशाख २० मा काठमाडौं प्रहरी परिसरले पक्राउ गरेको थियो। नक्कली भुटानी शरणार्थी प्रकरणमा तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार इन्द्रजीत राईलाई प्रहरीले पक्राउ गरेपछि भागेका सचिव पाण्डेलाई जडिबुटीबाट पक्राउ गरेको थियो। २०७८ साल साउन २७ गतेदेखि २०७९ असोज २ गतेसम्म गृहसचिव रहेका बेला नेपाली युवाहरूलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउन संलग्न रहेको आरोप थियो। नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाउने गिरोहसँग रकम लिने गरेको बदलामा सरकारी सूचना उपलब्ध गराउने, सरकारको तर्फबाट निर्णय गराउन भूमिका खेल्ने गरेको आरोप थियो।

काठमाडौं जिल्ला अदालतले पाण्डेलाई पुर्पक्षका लागि थुनामा पठाएको छ। असार १ मा काठमाडौं जिल्ला अदालत काठमाडौंले सचिव पाण्डेसँगै नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न रहेका पूर्वगृहमन्त्री बालकृष्ण खाँण, एमाले सांसद तथा सचिव टोपबहादुर रायमाझी, इन्द्रजित राई, टेकनाथ रिजाल, केशवप्रसाद दुलाल, सानु भण्डारी, सागर राई, सन्देश शर्मा, सन्दीप रायमाझी, नरेन्द्र केसीलगायतलाई पुर्पक्षका लागि थुनामा पठाएको थियो। पछिल्लो ६ महिनामा मुद्दा खेप्ने तेस्रो बहालवाला सचिव कृष्णबहादुर राउत हुन्। लामो समयदेखि चर्चामा रहेको ललिता निवास जग्गा हिनामिना प्रकरणमा मुछिएका राउत पक्राउसमेत परेका थिए। राउतले २०६६/०६७ ताका शाखा अधिकृत हुँदा बालुवाटारस्थित प्रधानमन्त्री, प्रधानन्यायाधीश र सभामुखको निवास विस्तार गर्ने नाममा भूमाफियाको योजनाअनुसार अगाडि बढेको सट्टाभर्नासम्बन्धी निर्णयमा टिप्पणी उठाएका थिए। सोही टिप्पणीका आधारमा सहसचिव, सचिव, मन्त्री हुँदै तहगत रुपमा सदर गरेर मन्त्रिपरिषद्मा पुऱ्याई निर्णय भएको थियो। त्यस क्रममा नेपाल सरकारको नाममा रहेको करिब २५ रोपनी जग्गा हिनामिना भएको थियो। असार २४ मा पक्राउ परेका सचिव राउत साउन ५ मा सर्वोच्च अदालतको आदेशले थुनामुक्त भएका थिए। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सचिवको जिम्मेवारीमा हाल पनि बहाल राउतलाई सर्वोच्चले विदेश जान भने रोक लगाएको थियो। ललिता निवास जग्गा हिनामिना प्रकरणको अनुसन्धान सम्पन्न नभएसम्मका लागि विदेश जान रोक छ। स्थायी सरकारको रुपमा रहेको निजामतीको उच्च नेतृत्व भ्रष्टाचारमा मुछिनु विडम्बना होदेशमा सुशासनको अभाव हो।सरकारले भनेको कुरा र व्यबहार फरक छ भन्ने देखाँछ।



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : शारीरिक झमेला |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# गोरखामा आमाको नामबाट नागरिकता

पोखरापत्र संवाददाता
पोखरा, १७ असोज

जिल्ला प्रशासन कार्यालय गोरखाले आमाको नामबाट वंशजका आधारमा नागरिकता प्रदान गर्न सुरु गरेको छ।

सो कार्यालयले मङ्गलबार भीमसेन थापा गाउँपालिका-१, मसेलका १९ वर्षीय मन्जित बानियाँलाई आमाका नामबाट वंशजका आधारमा नागरिकता प्रदान गरी जिल्लामा पहिलोपटक आमाको नामबाट नागरिकता प्रदान गरिएको प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले जानकारी दिनुभयो । उमेर पुगेर पनि नागरिकता बनाउन नपाएका बानियाँलाई आमाको नामबाट वंशजका आधारमा प्रदान गर्ने गरी गृह मन्त्रालयले गरेको परिपत्रअनुसार नागरिकता प्रदान गरिएको हो । नेपाल सरकारबाट नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०८० जारी भएपछि कार्यालयबाट आमाको नामबाट पनि नागरिकता वितरण गर्न सुरु गरिएको प्रजिअ भुसालको भनाइ छ। नयाँ नियमावलीको व्यवस्थाअनुसार १६ वर्ष उमेर पुगेका र बाबुको पहिचान नभएका व्यक्तिले आमाको नामबाट पनि नेपाली नागरिकताको प्रमाणपत्र पाउने व्यवस्था रहेको उहाँले बताउनुभयो। आमाको नामबाट नागरिकता पाउन निवेदक र निवेदकका आमाले बुबाको पहिचान नभएको स्वघोषणासहित जन्मदर्ता, आमाको नेपाली नागरिकता, आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, वडा कार्यालयको सिफारिससहित प्रशासनमा निवेदन दिनुपर्नेछ । त्यस्तै वडाध्यक्ष वा वडाध्यक्षले तोकेका जनप्रतिनिधि र निवेदकसँग सम्बन्धित दुईजनाले प्रशासनमा आएर सनाखत गरेपछि नागरिकता प्रदान गरिने उहाँले बताउनुभयो । यसअघि बाबुको नागरिकता अनिवार्य रहेकामा नियमावली संशोधन भएपछि बाबुको पहिचान नभएका व्यक्तिलाई पनि आमाका नामबाट नेपाली नागरिकता वितरण गर्न सुरु गरिएको हो।

# मौसम सुध्रने, लगातार झरी हुन्न

रासस
काठमाडौं, १७ असोज

जल तथा मौसम विज्ञान विभागले बिहीबारदेखि मौसम क्रमिकरूपमा सुधार हुँदै जाने जानकारी गराएको छ।

विभागका मौसमविद् गोविन्द झाका अनुसार नेपालको पूर्वी क्षेत्रमा केही बदली बाँकी नै रहने र अन्य क्षेत्रबाट क्रमिक सुधार हुँदै जाने बताउनुभयो। "तर पनि हिजो र आजको जस्तो लगातार झरी हुन्न, केही समय पानी पर्ने र केही समय घाम पनि लाग्ने हुन्छ, पूर्वमा मात्रै अलिकति बाँकी छ, अब भोलिदेखि भारी वर्षा भने हुन्न", उहाँले भन्नुभयो। उहाँले आज राति भने केही ठाउँमा भारी वर्षा हुनसक्ने बताउनुभयो।

विभागका अनुसार हाल मनसुनको न्यूनचापीय रेखा सरदर स्थानमा रहेको छ। साथै नेपालमा हाल भारतको झारखण्ड आसपासको क्षेत्रमा रहेको न्यूनचापीय क्षेत्रकोसमेत प्रभाव रहेको छ। हाल देशभर आंशिकदेखि सामान्य बदली रही गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा साथै कोशी र बागमती प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ।

आगामी २४ घण्टामा कोसी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा र बाँकी प्रदेशका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। कोसी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका एक-दुई स्थानमा भारी वर्षाकोसमेत सम्भावना रहेको छ।

वर्षाका कारण त्यस क्षेत्रबाट बहने नदीको जलसतह हल्का बढ्नसक्ने, बाढी, पहिरो, भूक्षयजस्ता प्रकोप हुनसक्ने भएकाले जनस्वास्थ्य, कृषि, दैनिक जनजीवन, सडक तथा हवाई यातायातमा हुनसक्ने असुविधाका साथै चट्याङको जोखिमबाट हुनसक्ने क्षतिबाट बच्न आवश्यक सतर्कता अपनाउन हुन अनुरोध गरिएको छ।

# विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १७ असोज

कास्कीमा नौलो घुम्ती नेपालद्वारा सञ्चालित एकीकृत सामुदायिक विकास परियोजनामार्फत तीनवटा पालिकाका एक हजार एक सय १५ विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग गरिएको छ।

'गुड नेवर्स इन्टरनेसनल नेपाल'को आर्थिक तथा प्राविधिक सहयोगमा अन्नपूर्ण गाउँपालिकाको समस्याग्रस्त पालिकाको वडा नं ७ मा रहेका लान्द्रुक, हिमालय, चण्डी, तान्चोक माझगाउँ आवासीय विद्यालय र सङ्गम माविका ६७ विद्यार्थीलाई स्विटर वितरण गरिएको छ। परियोजनाअन्तर्गत मादी गाउँपालिका-८, ९, १० र ११ वडा तथा माछापुच्छ्रे गाउँपालिका-८ र ७ तथा अन्नपूर्ण गाउँपालिका-४, ६ र ७ वडाका ४१ सामुदायिक विद्यालयमा अध्ययनरत एक हजार एक सय १५ विद्यार्थीलाई शैक्षिक सामग्रीअन्तर्गत विद्यालय पोसाक, झोला, कापी, कलम, तथा स्टेसनरीजन्य सामग्री सहयोग गरिएको हो।

समुदायमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा सहयोगका लागि कार्य क्षेत्रभित्रका ३९ स्वास्थ्य संस्थाको स्तरोन्नति, स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि र बाल संरक्षणमा परियोजनामार्फत सहयोग गर्दै आएको सहयोग हस्तान्तरण कार्यक्रममा जानकारी गराइयो। गुणस्तरीय शिक्षामा बालबालिकाको पहुँच अभिवृद्धि गर्ने उद्देश्यका साथ अभिभावकलाई समेत प्राथमिकता दिँदै कार्यक्षेत्रका छ सहकारीमार्फत आयआर्जनमा टेवा पुग्ने किसिमका गतिविधि सञ्चालन गर्दै आएको परियोजनाका अधिकृत महेश विश्वकर्माले जानकारी दिनुभयो।

# पहिरोले मध्यपहाडी लोकमार्ग ठप्प

पोखरापत्र संवाददाता
बागलुङ, १७ असोज

निरन्तर वर्षाका कारण राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्ग अवरुद्ध भएको छ । लोकमार्गको बागलुङको बुर्तिबाङ-पूर्वी रुकुम खण्डअन्तर्गत निसीखोला गाउँपालिका-१ पाखुतेमा पहिरो जाँदा सडक पूर्ण रूपमा अवरुद्ध भएको हो।

मङ्गलबार साँझदेखि अवरुद्ध भएको उक्त खण्ड अहिलेसम्म पनि सञ्चालनमा आउन नसकेको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक मदन केसीले जानकारी दिनुभयो। भारी वर्षा भइरहेकाले सडक खुलाउन नसकिएको उहाँले बताउनुभयो। निरन्तर वर्षा भइरहेकाले वर्षा रोकिएपछि मात्रै सडक खुलाउन सकिने केसीको भनाइ थियो। लोकमार्ग अवरुद्ध हुँदा पूर्वी रुकुमदेखि बागलुङ, पोखरा, काठमाडौं लगायतका स्थानमा जाने यातायातका साधन ठप्प भएको प्रहरी नायब उपरीक्षक केसीले बताउनुभयो । उहाँका अनुसार काठमाडौं, पोखरादेखि पूर्वी रुकुमको रुकुमकोट, काँक्री, लुकुम र रोल्पा जाने सवारी पनि सडकमै रोकिएका छन्। प्रहरी नायब उपरीक्षक केसीले भन्नुभयो, "अहिले पनि भारी वर्षा भइरहेको छ। हिजोदेखि ठप्प भएको सडक अहिलेसम्म खुलाउन सकिएको छैन । सडक अवरुद्ध हुँदा यात्रु अलपत्र परेका छन्।"

वर्षा रोकिने बित्तिकै सडक खुलाउने प्रयास गर्नेछौं । ठूलो पहिरो खसेकाले तत्कालै खुलाउन सकिने अवस्था छैन।" पहिरोले कालीगण्डकी करिडोर पनि अवरुद्ध भएको केसीको भनाइ छ। करिडोरको बागलुङ नगरपालिका-१० दब्ल्यामा लेदोसहितको पहिरोले सडक पूर्ण रूपमा ठप्प भएको छ। करिडोर अवरुद्ध हुँदा बागलुङको दक्षिणी क्षेत्र यातायातबाट विच्छेद भएको छ।

# भीरकोट नगरपालिकाद्धारा दुई सडकलाई प्राथमिकता

पोखरापत्र संवाददाता
स्याङ्जा, १७ असोज

स्याङ्जाको भीरकोट नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा नगर क्षेत्रका दुई वटा सडकलाई उच्च प्राथमिकतामा राखेको छ। स्याङ्जा र पर्वत अन्तर जिल्ला तथा भीरकोट र बिरुवा जोड्ने अन्तर पालिका सडकलाई नगरपालिकाले प्राथमिकतामा राखेको हो।

सघन शहरी विकास कार्यक्रम अन्तर्गत प्राप्त २० करोड बजेटबाट पूर्वाधर तर्फ बयरघारी-मोहनडाँडा पुलिभञ्ज्याङ हुँदै स्याङ्जा र पर्वत जिल्ला जोडिने सडक तथा बयरघारी-बानेथोक हुँदै बिरुवा पालिका जोडिने सडकलाई प्राथमिकतामा राखेको नगरपालिकाले जनाएको छ। दुबै सडकलाई झण्डै ७ करोड बजेट विनियोजन गरेको छ । "आर्थिक वर्ष २०७९/०८० मा अन्तर जिल्ला र पालिका जोड्ने उक्त सडक अन्तर्गत करिब ६ किलोमिटर पक्की तथा ढलान गरिएको थियो।" नगर प्रमुख गोबिन्द कुमार कर्माचार्यले भने, "चालु आर्थिक बर्षमा समेत झण्डै ७ किलोमिटर पक्की तथा ढलान गर्ने लक्ष्य लिएका छौं।" शहरी विकास कार्यक्रमबाट करिब ७ करोड बजेट विनियोजन गरेको नगरपालिकाले स्याङ्जा-पर्वतको २३ र भीरकोट-बिरुवा २० किलोमिटर सडकलाई आन्तरिक श्रोतबाट ६ करोड बजेट सुनिश्चित गरेको छ। प्रदेश सरकारको समपुरक शिर्षकबाट मोहनडाँडा-पोखरेलाई ८० लाख, हेलु-खिलुङ्लाई ८० लाख र दार्सिङ्-जगतपुर केया सडकलाई ८० लाख विनियोजन गरिएको छ। नगरपालिकाको बजार क्षेत्रका झण्डै सबै सडकहरु कालोपत्रे गरेको भीरकोट नगरले अन्तर जिल्ला र पालिका जोड्ने सडकलाई प्राथमिकतामा राखेर काम गरेको प्रमुख प्रशासकीय अधिकृत धर्मराज ढुङ्गानाले बताए। दुबै सडक मार्फत विशेष गरी कृषि तथा पर्यटन विकासमा महत्वपूर्ण भूमिका निर्वाह हुने अपेक्षा गरेको ढुङ्गानाले सुनाए।

नगरको मुकाम भू-भागका सबै सडकहरु नगद लागत साझेदारीमा सरकारको ७० र नागरिकको ३० प्रतिशत लगानीमा नगरपालिकाले कालोपत्रे गरेको हो। नगरपालिकाले प्रत्येक वडामा निर्बाध रुपमा बाह्रै महिना सवारी साधन संचालनको पूर्वाधार तयार समेत गरेको छ। सडकलाई प्राथमिकतामा राखेको नगरपालिकाले सघन शहरी विकासको बजेटबाट आँधीखोला किनारमा निर्माणाधिन मन्दिर सहितको ताल र पार्क निर्माणमा झण्डै ४ करोड बजेट विनियोजन गरेको छ। नगर क्षेत्रबाट संकलित फोहोर प्रशोधन परिसरमा निर्माण गरिएको ताल तथा पार्क चालु बर्षमै निर्माण सक्ने तयारीमा नगरपालिका रहेको छ।

संघीय विशेष अनुदान मार्फत आँधीखोला नदी नियन्त्रणमा ३ वर्षका लागि ५ करोड २ लाख बजेट विनियोजन भएको सुनाउँदै नगरका योजना अनुगमन तथा कार्यक्रम अधिकृत यामप्रसाद रेग्मीले भने, "नगरपालिकाले चालु आर्थिक वर्षमा नदी नियन्त्रण तर्फ १ करोड १५ लाख खर्च गर्ने लक्ष्य राखेको छ।" नगरपालिकाले चालु आर्थिक वर्ष २०८०/०८१ का लागि ७८ करोड ८२ लाख १६ हजार कुल बजेट विनियोजन गरेको छ। विनियोजित बजेट मध्ये ५८ करोड १५ लाख १६ हजार चालु खर्च र २० करोड १७ लाख पुँजीगत खर्च छुट्ट्याएको छ। विनियोजित बजेट मध्ये स्वास्थ्य, शिक्षा र पूर्वाधार विकासमा ठूलो हिस्सा खर्च हुने नगरपालिको जनाएको छ।

# एआइबिडी कार्यकारिणी समितिको उपाध्यक्षमा नेपाल निर्वाचित

पोखरापत्र संवाददाता
बागलुङ, १७ असोज

प्रसारणको क्षेत्रसँग सम्बद्ध एआइबिडी नामक अन्तरराष्ट्रिय संस्थाको कार्यकारिणी समितिको उपाध्यक्षमा नेपाल निर्वाचित भएको छ।

एसिया प्रसान्त क्षेत्रका ४४ राष्ट्र सदस्य रहेको एआइबिडीअन्तर्गत नेपालसहित १० राष्ट्र सदस्य रहेको कार्यकारी समितिको उपाध्यक्षमा नेपाल निर्वाचित भएको रेडियो नेपालका कार्यकारी निर्देशक बुद्धिबहादुर केसीले जानकारी दिनुभयो। दुईवर्षे कार्यकाल रहने सो समितिको उपाध्यक्षमा नेपालका तर्फबाट अब नेपाल टेलिभिजनले प्रतिनिधित्व गर्नेछ । यसअघि रेडियो नेपालले सो समितिको सदस्यका हैसियतले प्रतिनिधित्व गरेको कार्यकारी निर्देशक केसीले जानकारी दिनुभयो।

अफ्रिकी राष्ट्र मोरिससमा बुधबार सम्पन्न एआइबिडीको तीनदिने २१औं साधारणसभा तथा ४८औं वार्षिक भेलाका अवसरमा अध्यक्षमा थाइल्यान्ड र उपाध्यक्षमा नेपाल निर्वाचित भएको हो। यसैगरी एआइबिडीको साधारणसभा तथा वार्षिक भेलाले सभापतिमा भारत र उपसभापति पदमा कम्बोडियालाई निर्वाचित गरेको पनि कार्यकारी निर्देशक केसीले जानकारी दिनुभयो।

साधारणसभामा नेपालका तर्फबाट रेडियो नेपालका कार्यकारी निर्देशक केसी र नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष समीरजङ्ग शाहले भाग लिनुभएको थियो । प्रसारण क्षेत्रको विकास एवं विस्तारमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको एआइबिडीको केन्द्रीय कार्यालय मलेसियामा रहेको र स्थापना सन् १९७७ मा भएको हो। रेडियो नेपाल र नेपाल टेलिभिजन सो अन्तरराष्ट्रिय संस्थाको संस्थापक सदस्य रहेको जनाइको छ।

# महिला भलिबल : नेपाल भारतसँग पराजित

रासस
काठमाडौं, १७ असोज

चीनको हाङझाउमा जारी १९औं एसियाली खेलकुद (एसियाड) प्रतियोगिताअन्तर्गत महिला भलिबल खेलमा नेपाल भारतसँग पराजित भएको छ। भारतसँग नेपाली राष्ट्रिय महिला टोली ३-१ सेटले पराजित भएको हो।

खेलको पहिलो सेट २५-२३ ले गुमाएको नेपालले दोस्रो खेल २६-२८ ले आफ्नो पक्षमा पार्न सफल भयो। त्यसपछिका दुई सेट नेपालले गुमायो । खेलको तेस्रो सेटमा नेपालले पुनः २५-२३ बनायो भने चौथो सेटमा भारतले २५-१७ ले सहजै आफ्नो पक्षमा पाऱ्यो।

यसअघि समूह चरणको खेलमा नेपाल भियतनाम र दक्षिण कोरियासँग पराजित भएको थियो।

# प्राविधिक जनशक्ति अभाव हुँदा पूर्वाधारका योजना कार्यान्वयनमा समस्या

**पोखरापत्र संवाददाता**
म्याग्दी, १७ असोज

एघार जना प्राविधिक जनशक्तिको दरबन्दी रहेको पूर्वाधार विकास कार्यालय म्याग्दीमा गतसाउन महिनादेखि दुई इन्जिनियर र दुई जना सबइन्जिनियर मात्र कार्यरत हुनुहुन्छ ।

सो कार्यालयलाई गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा विनियोजन गरेको रु ७३ करोड बजेटका ८० योजना कार्यान्वयन गर्नुपर्ने जिम्मेवारी छ। चालु आर्थिक वर्षमा एक सय ७५ सडक, सडक पुल, झोलुङ्गे पुल र भवनसम्बन्धी योजना कार्यान्वयन गर्नुपर्ने पूर्वाधार विकास कार्यालय बागलुङमा १२ जना प्राविधिक जनशक्तिको दरबन्दी भएकामा हाल दुई इन्जिनियर र चार सबइन्जिनियर छन् । कार्यालय प्रमुख सिनियर डिभिजनल इन्जिनियर दिनेश घिमिरेले हाल रहेका मध्ये दुई जना सरुवा भएर जान लागेकाले योजना कार्यान्वयनमा जनशक्ति अभाव नै मुख्य चुनौती बनेको जानकारी दिनुभयो ।

"हरेक योजनाको सर्वेक्षण, लागत अनुमान तयार, ठेक्का व्यवस्थापनदेखि अनुगमनमा नियमित प्राविधिकको उपस्थिति र आवश्यकता पर्छ", उहाँले भन्नुभयो, "दरबन्दीअनुसार जनशक्ति नहुँदा भएकालाई कामको भार पर्ने र योजना कार्यान्वयनमा ढिलाइ हुन्छ ।" करार र दैनिक ज्यालादारीमा प्राविधिक खोजेर योजना सर्वेक्षणको काम गरिरहेको कार्यालय प्रमुख घिमिरेले बताउनुभयो ।

दुर्गम र विकट मानिने म्याग्दी, मुस्ताङ, मनाङ, बागलुङमा मात्र नभएर प्रदेश राजधानी पोखरामै रहेको पूर्वाधार विकास कार्यालय कास्कीमा पनि दरबन्दी अनुसारका प्राविधिक जनशक्ति छैनन् । चालु आर्थिक वर्षमा तीन सय ६० भन्दा बढी योजना कार्यान्वयन गर्न लागेको सो कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर सोभियत खड्काले १९ जना प्राविधिकको दरबन्दी भएकामा छजना मात्र रहेको बताउनुभयो । जनशक्ति अभावमा योजनाको सर्वेक्षणको काम प्रभावित बनेको उहाँले बताउनुभयो । पूर्वाधार विकास कार्यालय पर्वतका प्रमुख गुरुदत्त अधिकारीले १० जना प्राविधिकको दरबन्दी भएकामा तीन जनामात्र रहेको बताउनुभयो । "ठूलो भूगोल भएको जिल्लामा तीन जनाले कार्यालयमा बसेर काम गर्ने कि फिल्डमा जाने ?", उहाँले भन्नुभयो, "समयमा योजनाको सर्वेक्षण र ठेक्का प्रक्रियामा लैजान नसके ढिलासुस्ती हुन्छ ।" प्रदेश सरकारको पुँजीगततर्फको रु १९ अर्बमध्ये रु १२ अर्ब ५० करोड बजेट कार्यान्वयन गर्ने भौतिक मन्त्रालय मातहतका ११ वटा जिल्लामा रहेका पूर्वाधार कार्यालयमा हाल दरबन्दीको एकतिहाई पनि प्राविधिक जनशक्ति छैनन् । जनशक्तिको कमीका कारण योजनाको सर्वेक्षण र लागत अनुमान तयार पार्ने काम प्रभावित भएको कार्यालय प्रमुखहरूले बताएका छन् । जनशक्ति कम हुँदा योजनाको गुणस्तर कायम गराउन पनि चुनौती छ । गत आर्थिक वर्षमा करारमा नियुक्त गरेर प्राविधिक जनशक्तिको व्यवस्थापन गरिएको थियो । प्रदेश लोकसेवा आयोगमा माग गरिएको जनशक्तिको पदपूर्ति हुन ढिलाइ भएको छ। करारमा जनशक्ति व्यवस्थापनका लागि प्रदेश सरकारको मन्त्रिपरिषद्मा प्रस्ताव गरेको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका प्रवक्ता टीकाराम पौडेलले बताउनुभयो । भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले लोकसेवाबाट स्थायी जनशक्ति पदपूर्ति हुन ढिलाइ भएकाले योजना कार्यान्वयन प्रभावित हुन नदिन करार र ज्यालादारीमा प्राविधिक नियुक्त गर्नुपर्ने अवस्था आएको बताउनुभयो । "चालु आव २०८०/८१ मा रु ३० लाखभन्दा कम बजेटका योजना छैनन् । गत वर्ष एक हजार आठ सय योजना रहेकामा चालु वर्षमा घटाएर एक हजार एक सय वटामा झारेका छौँ", मन्त्री जुग्जालीले भन्नुभयो, "योजनाको सङ्ख्या कम हुँदा प्राविधिक जनशक्तिलाई भार कम पर्ने, योजना कार्यान्वयन नियमन र अनुगमन सहज हुने, प्रशासनिक लागत घट्ने र उपलब्धि देखिने अपेक्षा गरेका छौँ ।" प्रदेश सरकारले चालु आवमा तीन सय किलोमिटर सडक कालोपत्र, २५ वटा सडक पुल निर्माण तथा २० वटा झोलुङ्गे पुल बनाउने लक्ष्य राखेको छ ।

# गाउँपालिकाको अनुदानमा व्यावसायिक फूलखेती

**पोखरापत्र संवाददाता**
वालिङ, १७ असोज

स्याङ्जाको कालीगण्डकी गाउँपालिकामा व्यावसायिक सयपत्री फूलखेती गरिएको छ । गाउँपालिकाका विभिन्न वडाका समूह, सहकारी तथा व्यक्तिले ६० रोपनी क्षेत्रफलमा व्यावसायिक फूलखेती गरेका हुन् ।

सुरुआतमा गाउँपालिका आफैँले फूलखेती गरी राम्रो आम्दानी गरेसँगै पालिकाका विभिन्न समूह सहकारी तथा व्यक्ति अभिप्रेरित भई पालिकाको अनुदानमा फूलखेतीमा आकर्षित भएका हुन् । पालिकाले केही वर्षदेखि थालेको व्यावसायिक फूलखेतीबाट सफलता प्राप्त गरेसँगै अहिले यहाँका समूह, सहकारी तथा व्यक्तिहरूले पनि व्यावसायिक फूलखेती थालनी गरेको गाउँपालिकाका कृषि अधिकृत अनुप पौडेलले बताउनुभयो ।

गाउँपालिकाभित्र फूलखेती गर्न इच्छुकलाई उत्पादनमा आधारित रहेर ५० प्रतिशत अनुदान उपलब्ध गराइने उहाँले जानकारी दिनुभयो । "अहिले गाउँपालिकाका विभिन्न १६ स्थानमा करिब ६० रोपनी क्षेत्रफलमा व्यावसायिक फूलखेती भएको छ", उहाँले भन्नुभयो, "फूलखेतीको अनुदानका लागि कम्तीमा पनि दुई रोपनी जग्गामा अनिवार्य फूल लगाउनुपर्ने छ, दुई रोपनी क्षेत्रफलभन्दा तल अनुदान दिँदैनौँ ।" गाउँपालिकाले प्राविधिक सहयोग गर्ने तर सुरुआतमा किसानले आफ्नै लगानीमा बीउबिजन, मलखाद, मल्चिङ प्लाष्टिक, डोरीलगायतको व्यवस्थापन गर्नुपर्छ । किसानले फूल उत्पादन गरेपश्चात प्रतिरोपनी रु नौ हजारका दरले एकमुष्ट अनुदान गाउँपालिकाले उपलब्ध गराउँछ । "फूलखेती गर्दा प्रतिरोपनी रु अठार हजार अनुमानित लागत लाग्छ", उहाँले भन्नुभयो, "कार्यसम्पादन प्रतिवेदनका आधारमा किसानलाई प्रतिरोपनी रु नौ हजारका दरले एकमुष्ट अनुदान उपलब्ध गराउँछौँ ।" दसैँतिहारलाई लक्षित गरी अहिले गाउँपालिकाका विभिन्न ठाउँमा 'कर्मा ५५५' जातको फूलखेती गरिएको छ ।

गाउँपालिका आफैँले पनि वडा नं ४ को पुछार भन्ने स्थानमा ड्रागन वगैँचामा मिश्रितरूपमा फूलखेती गरेको छ । पालिकाले झण्डै १५ रोपनी क्षेत्रफलमा व्यावसायिक फूलखेती गर्दै आइरहेको छ। पालिकाले गरेको फूलखेतीबाट राम्रो आम्दानी हुन थालेपछि पछिल्लो समय सामूहिकरूपमा फूलखेतीलाई व्यावसायिकतातर्फ अगाडि बढाउने क्रम बढ्दै गइरहेको छ । मकै, कोदो तथा विभिन्न जातका गेडागुडी लगाउने बारीमा अहिले फूलखेती देख्न सकिन्छ।कालीगण्डकीगाउँपालिका-७ बारीचौरमा सामूहिक चार रोपनी क्षेत्रफलमा फूलखेती गरिएको छ । स्थानीय धनबहादुर थापा मकै, कोदो तथा गेडागुडीबाट भन्दा फूलखेतीबाट आम्दानी राम्रो हुन थालेकाले सामूहिकरूपमा फूलखेती गरेको बताउनुभयो । "दसैँतिहारलाई लक्षित गरी मैले व्यक्तिगत तथा सामूहिकरूपमा पनि फूलखेती गरेका छौँ", उहाँले भन्नुभयो, "गत वर्ष फूल बिक्रीबाट रु डेढ लाखभन्दा बढी आम्दानी भएको थियो, अहिले पनि राम्रो छ ।" उक्त गाउँमा घरबास (होमस्टे) पनि सञ्चालनमा रहेकाले यहाँ आउने पाहुनालाई स्वागतका लागि पनि फूलको प्रयोग हुने गरेको छ ।

हालसम्म उत्पादन भएको फूलले राम्रै बजार पाएको कृषि अधिकृत पौडेलले बताउनुभयो । यहाँ उत्पादन भएको फूल स्थानीय बजारसहित पोखरा, बुटवल, नारायणगढ, काठमाडौँ, दाङ, सुर्खेतलगायतका बजारमा खपत हुने गरेको उहाँले बताउनुभयो ।

# फोन गर्न अग्लो डाँडामा पुग्नुपर्दैन

**डम्बर बुढामगर**
बागलुङ, १७ असोज (रासस)

"फोन गर्नका लागि दुई घण्टा हिँडेर अग्लो डाँडामा पुगु पर्थ्यो, अहिले त घरगोठभित्रै फोनले काम गर्न थालेको छ, हामीहरूलाई जुनी फरिए झैं लागेको छ," सात वर्षदेखि मोबाइल चलाउन थाल्नुभएका निसीखोला गाउँपालिका-५ निसेलढोरका वीरबहादुर घर्तीमगरले भन्नुभयो ।

यसअघि निसेलढोरमा बस्दा कहिल्यै पनि सहजरूपमा फोन गर्न नपाउनुभका उहाँलाई आफन्तसँग फोन गर्नपरे दुई घण्टा हिँडेर अग्लो डाँडामा पुग्नुपर्थ्यो । आइतबार दिउसो एक्कासि गोठमै बसेका बेलामा मोबाइलमा म्यासेज आयो । म्यासेज आएको केही बेरमा बेसीबाट आफन्तले फोन गरे । गोठभित्रै बसेको बेला फोन आएपछि वीरबहादुर खुशीहुँदै बाहिर निस्केर आकाशतिर हेर्नुभयो । नेटवर्कले काम गरेपछि उहाँले सम्झिनुभयो, गाउँमाथिको डाँडामा नेपाल टेलिकमको टावर बन्दै छ भन्ने । सूचना र प्रविधिले फड्को मारिसक्दा पनि निसेलढोरमा अहिलेसम्म फोन गर्नका लागि टावरसमेत बनेको थिएन । विद्युतसमेत नपुगेको यस ठाउँमा टेलिकमको टावरले काम गर्न थालेपछि स्थानीयवासीमा खुसी छाएको छ । अब फोन गर्नका लागि तीन घण्टा धाएर ढोरपाटन पुग्न नपर्ने घर्तीमगरले बताउनुभयो । विद्युत् र टावर विस्तार नहुँदा यहाँका सयौं नागरिक वर्षौंदेखि सूचना र सञ्चारको पहुँचभन्दा टाढा रहनुपरेको उहाँको भनाइ थियो ।

घर्ती मगरले भन्नुभयो, "मोबाइल भएर के गर्ने निसेलढोरमा बिजुली आएको छैन, टावर बल्ल बनेको छ, बेसी झर्दा चार्ज गरेर ल्याउने, काम पर्दा फोन गर्ने र त्यसपछि मोबाइल अफ गरेर राख्नु पर्ला, अब त गोठभित्रैबाट फोन गर्न पाइने भयो, धेरै खुसी लागेको छ, संसार जिते जस्तो भयो । पहिलो दिन टावरले काम गर्दा मोबाइल खुल्ला नै रैछ, घण्टी बज्दै म्यासेज आउँदा दङ्ग परेँ, माथि डाँडामा टावर बन्दै छ भन्ने त सुनेको थिए तर मैले बिर्सिएको रैछु, पछि मोबाइल हेर्दा त टावरको चिन्ह देखिएको रहेछ, अब यस ठाउँका मान्छेले पनि बसेकै ठाउँबाट फोन गर्न पाउने भए ।" नेपाल टेलिकमले निसीखोला गाउँपालिका-५ को ऐसेलुधारामा टावर निर्माण गरेर सेवा सुरु गरेको छ । तीन हजार ७३० मिटरको उचाइमा निर्माण भएको टावर सोलारबाट सञ्चालन गरिएको हो । गाउँपालिकाका उपाध्यक्ष प्रेम घर्तीमगरले भौगोलिक विकटताका कारण सूचना र प्रविधिको विकास भइसक्दा पनि यहाँका जनता निकै समस्या भोग्नु परेकाले सञ्चारसँग जोड्न टावर निर्माण गरिएको बताउनुभयो ।

निसेलढोरमा एउटा विद्यालय, सामुदायिक स्वास्थ्य इकाई र नेपाली सेनाको क्याम्प छ। नेटवर्क नहुँदा सूचना आदानप्रदानमा निकै कठिनाइ हुँदै आएकामा अब धेरै सहज भएको उहाँले जानकारी दिनुभयो। ऐसेलुधारामा टावर निर्माण गरेर सञ्चालनमा आउनुपूर्व निसेलढोरका बासिन्दा करिब दुई घण्टाको यात्रा गरेर अग्लो डाँडामा पुगी फोन गर्ने गरेको उपाध्यक्ष घर्तीमगरले भनाइ थियो। सडक सञ्जालले जोडिए पनि यहाँ अहिलेसम्म विद्युत् पुगेको छैन। यहाँ निमार्ण गरिएको टावरले निसीखोलाको निसेलढोरसँगै ढोरपाटन नगरपालिकाको काँग, मस, बिजा, पूर्वीरुकुमको भूमे गाउँपालिका, पुथा उत्तरगङ गालगायत ठाउँमा राम्रोसँग काम गर्न थालेको नेपाल टेलिकम बागलुङ शाखाका प्रमुख केशव शर्माले बताउनुभयो । हाल टुजी सेवा सञ्चालन गरिएको र यसले धेरै ठाउँमा 'कभरेज' गरेको छ अब यस टावरबाट फोरजी सेवासमेत सञ्चालन गरिने उहाँको भनाइ थियो।

प्रमुख शर्माले भन्नुभयो, "टावर निर्माण गरेको ठाउँ निकै उच्च स्थानमा छ, अहिले सोलार सिस्टम प्रयोगमा ल्याएका छौं, यसलाई थप व्यवस्थित गर्दै फोरजी सेवा सञ्चालनका लागी तयारी गरिरहेका छौं, टावरले काम गर्न थालेपछि यस क्षेत्रका धेरै नागरिक उत्साहित भएको पायौँ, पहिले सूचना आदानप्रदान गर्न निकै गाह्रो परेको रहेछ अब सहज हुन्छ तर कहिलेकाहीँ मौसमका कारण अवरुद्ध हुने बाहेक अन्य बेला निरन्तर सेवा सञ्चालन हुनेछ ।"

निसेलढोरमा गत वर्षसम्म स्वास्थ्य संस्था थिएन । यसै वर्षदेखिनिसीखोलागाउँपालिकाले सामुदायिक स्वास्थ्य इकाई स्थापना गरेर सेवा दिन थालेको हो । यहाँका अधिकांश नागरिक हिउँदको समय निसी (औल) र बर्खाको समय निसेलढोर बस्दै आएका थिए । सडकले नजोडिँदासम्म घुम्ती बसाइँ गर्ने स्थानीयवासी सडक पुगेपछि स्थायीरूपमा बस्न थालेका छन् । उनीहरूको निसीमा पनि घर छ । पशुपालन र कृषि मुख्य पेसा बनाएका त्यहाँका किसानले स्याउ, आलु, सिमीलगायत उत्पादन गर्छन् । केही वर्षयता सडकले निसेलढोर जोडेपछि बजारीकरणमा केही सहज बनाएको छ ।

# आम्दानीको स्रोत बन्दै बाँकोको गुन्द्रुक

**पोखरापत्र संवाददाता**
वालिङ, १७ असोज

प्लास्टिकभित्र रहेको गुन्द्रुकसँगै हरियो सागको तीनपात देखिने 'लेबलिङ पेपर'ले दमेकका किसानले उत्पादन गरेको जङ्गली बाँकोलाई प्रस्ट चिनाउँछ । एक पटक बाँकोको स्वाद लिएका जो-कोहीलाई लोभ्याउने गरी यहाँका किसानले जङ्गलमा सङ्कलन गरेको बाँकोको गुन्द्रुक 'लेबलिङ' र 'प्याकेजिङ' गरेर बजारमा ल्याएका छन् ।

छुँदै चिलाउने वनस्पतिलाई सहरका भान्सामा पुऱ्याउने अभियान यहाँका किसानले थालेका हुन् । समूहमा आबद्ध किसानले जङ्गलमा पाइने पिँडालु प्रजातिको बाँकोलाई गुन्द्रुक बनाएर बजारीकरण गर्न थालेको तीन वर्ष भयो । बाँकोले गाउँसहर जोडेको छ भने दुःख गर्नसक्ने किसानलाई आम्दानीसँग जोड्न थालेको छ ।

पहिलो वर्ष गाउँघरका लागि मात्रै गुन्द्रुक उत्पादन गरेकामा गत वर्ष जैमिनी नगरपालिकाले 'लेबलिङ' र 'प्याकेजिङ'को तालिम दिएपछि किसानले यस वर्षदेखि आफैँले लगानीबाट लेबलिङ र प्याकेजिङ गरेर बाँको बजारमा ल्याएका छन् ।

"किसानको उत्पादन व्यवसायिक रूपमा जारमा जाँदा त्यसको मूल्यलगायत धेरै कुरामा सहज हुन्छ, अघिल्लो वर्ष नगरले सहयोग गरेपछि अहिले किसानले आफ्नै लगानीमा बजार ल्याएका छन्", कृषि प्राविधिक रवीन्द्र शर्माले भन्नुभयो, "बाँकोबाट राम्रो आम्दानी हुन्छ ।" यहाँ उत्पादित बाँको स्थानीय बजारका साथै पोखरा, काठमाडौँलगायत सहरमा माग हुन थालेको उहाँले बताउनुभयो । छन्त्याल कृषक समूहमा आबद्ध दमेकका एक सय ४३ किसानको सामूहिक प्रयासमा बाँकोको बजारीकरण थालिएको समूहका अध्यक्ष देवप्रकाश छन्त्यालले बताउनुभयो । उहाँका अनुसार अन्य सागबाट भन्दा बाँकोको सागबाट बनेको गुन्द्रुक स्वादिलो र पोषिलो हुने भएकाले किसानले जङ्गली बाँकोको गुन्द्रुक बनाउँदै आएका हुन् ।

"नजिकको जङ्गल वर्षमा दुई पटक १५/१५ दिनका लागि मात्रै बाँको टिप्नका लागि खुल्छ, जसले धेरै टिप्नुहुन्छ उहाँले धेरै आम्दानी गर्नुहुन्छ", छन्त्यालले भन्नुभयो, "समूहमा आबद्ध किसानले टिपेको बाँको समूहले नगदमा खरिद गरेर प्रशोधन, लेबलिङ, प्याकेजिङ गर्छन् र बजार पठाउँछन् ।"

उहाँका अनुसार विदेशमा रहेका नेपालीले समेत बाँकोको गुन्द्रुकको माग गर्ने गरेका छन् । उच्च पहाडी क्षेत्रमा गुन्द्रुक बनाउन प्रयोग गरिने जङ्गली वनस्पति बाँको अब व्यावसायिक किसानको रोजाइमा पर्न थालेको छन्त्यालले बताउनुभयो । सहरिया भान्छामा बाँकोको गुन्द्रुक पाक्न थालेको उहाँको भनाइ थियो ।

"दमेकका झन्डै पाँच सय घरमा बाँको भित्रिने गरे पनि कसैले व्यावसायिक बनाएका थिएनन् । यस वर्ष पाँच सय किलो बाँको बजार पठाउने समूहको योजना छ", अध्यक्ष छन्त्यालले भन्नुभयो, "समूहले एक सय ग्रामका प्याकेट तयार गरेको छ ।" एक प्याकेटको मूल्य रू तीन सय कायम गरिएको उहाँले जानकारी दिनुभयो । गत वर्षभन्दा प्रति एक सय ग्राममा रू ५० मूल्य कम गरिएको उहाँले बताउनुभयो । "जेठ/असारमा जङ्गलभरि पाइने बाँको असोजसम्म घरभित्र ल्याइसक्नुपर्छ। असोजसम्म टिप्न नभ्याइएमा बाँको यत्तिकै हराएर जान्छ । सावधानीपूर्वक नटिपने हो भने बाँकोको काँचो पातले शरीर चिलाउने समस्या हुन्छ", छन्त्यालले भन्नुभयो, "यहाँका किसानले बाँकोको पात र काण्ड टिपेर परम्परागत शैलीबाट थिचेर एक महिनासम्म प्लास्टिकको ड्रममा राखेपछि मात्रै बाँकोको गुन्द्रुक तयार हुन्छ ।"

# यस वर्षको भिटामिन 'ए' कार्यक्रम कात्तिक १७ र १८ गते

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असोज

सरकारले बालबालिकालाई यस वर्षको 'राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम' आगामी कात्तिक १७ र १८ गते सञ्चालन गर्ने भएको छ।

आर्थिक वर्ष २०८०/८१ को नियमित रूपमा पहिलो चरणमा कात्तिक २ र ३ गते खुवाउँदै आएको भिटामिन 'ए' कार्यक्रम दसैं परेकाले कात्तिकको १७ र १८ गते सञ्चालन गर्ने स्वास्थ्य सेवा विभागको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार भिटामिन 'ए' क्याप्सुल छ महिनादेखि ५९ महिनाका बालबालिका तथा जुकाको औषधि एक वर्षदेखि पाँच वर्षसम्मका बालबालिकालाई खुवाइने छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले भिटामिन 'ए' कार्यक्रम सफल बनाउनका लागि सातवटै प्रदेश सरकार अन्तर्गतका सामाजिक विकास मन्त्रालय र स्थानीय तहलाई परिपत्र गरिसकेको छ । दोस्रो चरणमा भिटामिन ' ए' कार्यक्रम वैशाखमा महिनामा गर्ने गरिएको छ । भिटामिन 'ए' करिब २७ लाख बालबालिका र जुकाको औषधी करिब २४ लाख बालबालिकालाई खुवाइने शाखाले जनाएको छ ।

सरकारले बालबालिकामा हुनसक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यूनीकरण गर्नका लागि २०५० सालदेखि भिटामिन 'ए' क्याप्सुल र २०५६ सालदेखि जुकाको औषधि नियमित खुवाउन थालेको हो । सरकारले प्रत्येक आर्थिक वर्षमा कात्तिक र वैशाखमा भिटामिन 'ए' र जुकाको औषधी बालबालिकालाई निःशुल्क खुवाउने गरेको छ ।

# चौतर्फी विकासका लागि नेकपा (एस) को विकल्प छैन : नेपाल

**रासस**
काठमाडौं, १७ असोज

नेकपा(एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले देशमा सुशासन, न्याय र चौतर्फी विकास गर्न आफू नेतृत्वको पार्टी अपरिहार्य हुने बताउनुभएको छ ।

पार्टीको 'समाजवादी जागरण अभियान' अन्तर्गत आज महोत्तरीको सदरमुकाम जलेश्वरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले आफ्नो पार्टी बेइमानविरुद्ध तथा अन्याय-अत्याचारमा परेकाको साथमा रहेको बताउनुभयो ।

देशबाट अन्याय, अत्याचार र भ्रष्टाचार निर्मूल गर्न तथा न्याय, शान्ति, सुशासन र समृद्धि कायम गर्न नेकपा (एस)को साथमा लाग्न पूर्व प्रधानमन्त्री नेपालले अपिल गर्नुभयो । उहाँले देशमा सुशासन कायम गर्न आफ्नो पार्टी प्रतिबद्ध रहेको बताउनुभयो ।

पार्टी उपाध्यक्ष एवं बागमती प्रदेशमा पूर्वमुख्यमन्त्री राजेन्द्र पाण्डेले नेकपा (एस)को मेची-महाकाली जागरण अभियानलाई सफल बनाउन सबैसँग आग्रह गर्नुभयो । अभियानले नेपाली जनताका हकअधिकार स्थापित गर्न तथा जनतालाई आफ्ना अधिकारप्रति सचेत तुल्याउन अहम् भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो ।


# पेन्सनपट्टा हराएको सूचना

**सिल्दुजुरे गा.वि.स.-९ हाल साविक मादी गाउँपालिका वार्ड नं.-७, कास्कीको म भारतीय सेना ईश्वर कुमार गुरुङको यहि मिति २०८०/०६/१२ गते गौंडाको मुख पोखरा-१३ बाट भारतीय पेन्सन क्याम्प रामबजार जाने क्रममा निम्न व्यहोराको भारतीय सैनिक अवकाश पत्र (Discharge Book) हराएको हुँदा पाउनुहुने महानुभावले निम्न ठेगानामा सम्पर्क सम्पर्क गरिदिनुहोला ।**

नामः ईश्वर कुमार गुरुङ
Unit: 5/1 GR
आर्मी नं.: 5048045M
TSN No: 186078
PPO No: S/22756/2016
ठेगानाः पोखरा-१३, वि.पी.मार्ग, कास्की
सम्पर्क नं. ९८२२४५८२१६